नेपाल सरकार
सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाडौं
(स्थानीय तह समन्वय शाखा)

पत्र सं.: २०८२/०८३
चलानी नं ३१३

मितिः२०८२/१२/०६
ने.सं. ११४६

श्री गाउँपालिका, सवै
श्री नगरपालिका, सवै

विषयः विश्व क्षयरोग दिवस २०२६ मनाउने सम्वन्धमा।

प्रस्तुत विषयमा स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय, स्वास्थ्य समन्वय महाशाखाको प.सं.२०८२/८३ च.नं. ७७ मिति २०८२/१२/०२ को पत्र मार्फत २०२६ मार्च २४ तदनुसार २०८२ चैत्र १० गते **"हो ! हामी क्षयरोग अन्त्य गर्छौं; राष्ट्रिय अभियान, हाम्रो योगदान" (Yes!we can end TB: Led by Country,Powered by Us)** भन्ने नराका साथ विश्व क्षयरोग दिवस २०२६ मनाउने सम्वन्धी पत्र यसैसाथ संलग्न गरी आवश्यक जानकारी तथा कार्यार्थ पठाईएको व्यहोरा आदेशानुसार अनुरोध छ ।

(प्रकाश पन्थी)
शाखा अधिकृत

बोधार्थ,
श्री स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय
स्वास्थ्य समन्वय महाशाखा, सिँहदरवार,काठमाडौ।
श्री सूचना प्रविधि शाखाः वेवसाईटमा अपलोड गरिदिनुहुन

सिंहदरबार, काठमाण्डौं फोन नं.-४२००३०४
ईमेलः- cmmofald@gmail.com/ local.level.coordination@mofaga.gov.np
वेवसाईटः- www.mofaga.gov.np

नेपाल सरकार

# स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय

## स्वास्थ्य समन्वय महाशाखा

### प्रादेशिक तथा स्थानीय स्वास्थ्य समन्वय शाखा

प स :२०८२/८३
च. न ७७

सिंहदरबार,
काठमाडौं, नेपाल

मितिः २०८२/१२/०२ गते
ने.सं. ११४६ चिल्लागा द्वादशी

नेपाल सरकार स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय सिंहदरबार, काठमाडौं

श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाडौं।

**विषयः विश्व क्षयरोग दिवस २०२६ मनाउने सम्बन्धमा।**

प्रस्तुत विषयमा प्रत्येक वर्ष मार्च २४ का दिन विश्वभर विश्व क्षयरोग दिवस मनाइँदै आएको बेहोरा अबगत नै छ। दिवसको अवसरमा क्षयरोग नियन्त्रणकालागि सचेतीकरण गर्ने उद्देश्यले देशैभर विभिन्न कार्यक्रमहरू सञ्चालन गर्दै आएको स्मरण गराउदै सो सन्दर्भमा प्रदेश र स्थानीय तहहरूको सक्रिय सहभागिता, सहजीकरण, अपनत्व र समन्वयको भूमिका महत्वपूर्ण छ।

राष्ट्रिय क्षयरोग नियन्त्रण केन्द्र, ठिमी भक्तपुरको पत्रानुसार, सन् २०२६, मार्च २४; तदनुसार २०८२ चैत्र १० गतेको विश्व क्षयरोग दिवसको नाराः **"हो! हामी क्षयरोग अन्त्य गर्छौं; राष्ट्रिय अभियान, हाम्रो योगदान"** **("Yes! We Can End TB: Led by Country, Powered by Us")** रहेको जानकारी गराउदै उक्त दिवसको अवसरमा स्थानीय तहहरूले उपलब्ध स्रोत, साधनको अधिकतम प्रयोग गरि क्षयरोग नियन्त्रण सम्बन्धी सचेतना अभिवृद्धि, अन्तरक्रिया तथा जनचेतनामूलक कार्यक्रमहरु लगाएत आयोजना गरी दिवस मनाउन सबै स्थानीय तहहरूलाई आवश्यक जानकारी तथा पत्राचार गरिदिनुहुन निर्णयानुसार अनुरोध छ।

हेमराज न्यौपाने
बरिष्ठ स्वास्थ्य शिक्षा अधिकृत